मिति :२०८२।०२।०९

**विषय : काठ/दाउरा बोलपत्रद्धारा लिलाम बिक्री सम्बन्धि सुचना ।**

**दोस्रोपटक सुचना प्रकाशन दैनिक पत्र रा.दैनिक पत्रिका, २०८२।०२।०९गते**

उपर्युक्त विषय सम्बन्धमा यस समुहको स्वीकृति वन कार्ययोजना बमोजिम आ.व.२०८१।०८२ मा संकलन भई घाटगद्दी भएको तपशिल बमोजिमको काठ डिभिजन वन कार्यालयको च.न.११७१ मिति २०८१।११।२१ गतेको लिलाम सहमति अनुसार सिलबन्दी टेण्डर द्धारा लिलाम बिक्री गर्नुपर्ने भएकाले उक्त काठ दाउरा जे जस्तो अबस्थामा छ आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्रीको लागि मिति २०८२।०२।०९ गतेको दैनिक पत्र राष्ट्रिय दैनिक पत्रिकामा १५ दिने दोस्रोपटक सुचना प्रकाशित गरिएको छ । मु.अ.कर वा स्थायी लेखा न.मा दर्ता भएका वन पैदावरको कारोवार गर्ने मान्यता प्राप्त इच्छुक व्यक्ति संघ संस्था, फर्म,कम्पनी वा उद्योग व्यवसाय (वन पैदावारमा आधारित) बाट निम्न शर्तहरु अनुसार १५ औं दिन ४ बजे सम्म बोलपत्र खरिद गरी १६ औं दिन ४ बजे भित्र दाखिला गर्न आव्हान गरिन्छ।

१.वन पैदावारको विवरण मुल्याङ्कन :

| क.स | लिलाम लट | जात | वन पैदावारको विवरण | | | | | | धाङ नं. | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ग्रेड | थान | काठको परिमाण (क्यु.फि.) | प्रति एकाई दर | न्युनतम मुल्य | संकलन खच | | |
| १ | २ ०८१/०८२ | अस्ना | ए | ३ | १०५।०४ | ४०० | ७३३५५ | १,८०,२५६।५२ | ढलापडा धाङ नं.५, C1S4-F8 को धाङ नं.११ र १२ | |
| | | | बि | ६ | ९४।२९ | ३०० | | | | |
| | | | सी | ३ | ३०।५२ | १०० | | | | |
| | | साल | ए | १० | १६४।३८ | १२५० | ४३७६९३ | | | |
| | | | वि | ११ | १७१।३८ | ९०० | | | | |
| | | | सी | ३० | १२९।१७ | ६०० | | | | |
| | | | डी | १ | १।५८ | ३०० | | | | |
| | | उडियम | N | २ | ६।८५ | १०० | ६८५ | | | |
| | | कुम्भी | N | १२ | ६०।६५ | १०० | ६०६५ | | | |
| | | कुसुम | N | ६३ | २२७।७५ | १०० | २२७७५ | | | |
| | | जिङगड | N | ५ | १६।११ | १०० | १६११ | | | |
| | | पिपल | N | ३३ | २०२।९४ | १०० | २०२९४ | | | |
| | | बोटध्यारो | N | १० | १७।५४ | १०० | १७५४ | | | |
| | | टाँटरी | N | ५ | १९।२५ | १०० | १९२५ | | | |
| जम्मा | | | | १९४ | १२४७।४५ | | ५६६१५७ | १,८०,२५६।५२ | | |

यज्ञ प्रसाद पाण्डेय
अध्यक्ष

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | ७ ०८१/०८२ | अस्ना | ए | ५ | ८३।९५ | ४०० | ५४९८५ | १९३६३४।३३ | C1S4-F6 को धाङ्ग नं.१०, ११ र १२ | |
| | | | बि | ६ | ६०।७५ | ३०० | | | | |
| | | | सी | ८ | ३१।८० | १०० | | | | |
| | | जिङगड | N | ८२ | ४४९।४३ | १०० | ४४९४३ | | | |
| | | साल | ए | १ | १८।६० | १२५० | २५३५०९ | | | |
| | | | बि | १३ | १६०।८८ | ९०० | | | | |
| | | | सी | ३९ | १३६।१० | ६०० | | | | |
| | | | डी | ९ | १२।६९ | ३०० | | | | |
| | | कुम्भी | N | २१ | १०६।८१ | १०० | १०६८१ | | | |
| | | कुसुम | N | १० | ४७।७६ | १०० | ४७७६ | | | |
| | | क्यामुना | N | ५ | २१।९५ | १०० | २१९५ | | | |
| | | जामुन | बि | ४ | ४०।३९ | ३०० | २६१७८ | | | |
| | | | सी | ३२ | १४०।६१ | १०० | | | | |
| | | र्कमा | बि | १ | ५।६१ | ३०० | ३९५४ | | | |
| | | | सी | ६ | २२।७१ | १०० | | | | |
| जम्मा | | | | २४२ | १३४०।०३ | | ४०१२२१ | १९३६३४।३३ | | |
| ३ | ७ ०८०/०८१ | साल | बि | १८ | १९३।९६ | ९०० | ५३३५५६ | १८४७२८।८ | C1S4-F5 को धाङ्ग नं.२,४ र ७ | |
| | | | सि | १६५ | ५८८।८७ | ६०० | | | | |
| | | | डि | ११ | १८।९ | ३०० | | | | |
| | | अस्ना | ए | ३ | ४०।५५ | ४०० | ३१६०२ | | | |
| | | | बि | ४ | ४५।७८ | ३०० | | | | |
| | | | सी | २ | १६।४८ | १०० | | | | |
| | | उडियम | N | ७ | ६९।२ | १०० | ६९२० | | | |
| | | कर्मा | सी | ९ | ४५।६७ | १०० | ४५६७ | | | |
| | | कुम्भि | N | २७ | १४५।२ | १०० | १४५२० | | | |
| | | कुसुम | N | १२ | ७१।५ | १०० | ७१५० | | | |
| | | जिङ्गढ | N | ७ | ४२।२९ | १०० | ४२२९ | | | |
| जम्मा | | | ‹ | २६५ | १२७८।४ | | ६०२५४४ | १८४७२८।८ | | |

२. बोल पत्र फारम बिक्री वितरण गर्ने स्थान : समुहको कार्यालय सनवल ४, डिभिजन वन कार्यालय परासी, नवलपरासी ।

३. बोलपत्र फारम बिक्री हुने मिति २०८२।०२।०९ गते देखी २०८२।०२।२३ गते बिहान १० बजे देखी ४ बजे सम्म ।

४. बोलपत्र यस समुहको कार्यालयमा मात्र मिति २०८२।०२।२४ गते ४ बजे भित्र दाखिला गर्न सकिनेछ । बोलपत्र खरीद गर्नको लागि प्रोप्राइटर आँफै उपस्थित नभई प्रतिनिधि पठाएमा प्रोप्राइटरको मन्जुरीनामा निवेदन साथ आवश्यक कागजातहरु संलग्न राखी पेश गर्नु पर्ने छ ।

५. बोलपत्र साथ कबुल गरेको रकमको १० प्रतिशत ले हुन आउने रकम यस समुहको रा.वा. बैक सुनवलको चल्ती खाता न. ३४१०१०००००३४९००१ मा जमा गर्नु पर्नेछ । बैंक ग्यारेण्टी वा नगद जम्मा गरेको सकल भौचर यस समुहको नाममा खिचिएको

यज्ञ प्रसाद पाण्डेय
अध्यक्ष

बैक ड्राफट समावेश गर्नु पर्नेछ । नगद धरौटीलाई मान्यता दिईने छैन साथै चेक जम्मा गरेमा चेक को रकम जम्मा नभएमा मान्य हुने छैन ।

६. बोल पत्र प्रति लट फारम रु. १००० तिरि फिर्ता नहुने गरी यस कार्यालयवाट र श्री डिभिजन वन कार्यालय परासीबाट खरीद गर्न सकिने छ ।

७. लिलाम हुने वन पैदावार समुहमा सम्पर्क राखी घाटगद्दीमा गई हेर्न र बुझ्न सकिने छ ।

८. लिलाममा भाग लिन इच्छुक कम्पनी वा फर्मका प्रोपाइटरले नेपाली नागरीकताको प्रमाणपत्र कर दर्ता प्रमाणपत्र (कर चुक्ता भएको) मु.अ.कर दर्ता वा स्थायी लेखा न. एकल प्रमाणपत्रहरुको प्रतिलिपी वोल पत्र साथ पेश गर्नु पर्नेछ । नागरीकता बाहेकका कागजात आ.व.२०८१।०८२ सम्मको लागि रित पुर्वकको हुनु पर्दछ ।

९. रित पुर्वक दर्ता भएका बोलपत्रहरु यस समुहको कार्यालयमा साक्षीहरुको रोहवरमा २०८२।०२।२५ गते दिनको ११:३० बजे खोलीने छ । सो दिन विदा परेमा भोलीपल्ट सोही समयमा खोलीने छ ।

१०. लिलाम स्वीकृत जानकारी प्राप्त भएको १५ दिन भित्र सकार गरेको रकम तथा निर्धारित राजश्व मु.अ.कर र अग्रिम कर कटान मुछान खर्च समेत बुझाई वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ।

११. सकार रकम अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ अंक र अक्षर फरक परे अक्षरलाई मान्यता दिईने छ ।

१२. बोलपत्र स्वीकृति गर्ने वा नगर्ने अधिकार यस समुहमा सुरक्षित रहनेछ ।

१३. बोलपत्र खरिद र दर्ता गर्ने अन्तिम दिन विदा परे सोको भालीपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिने छ ।

१४. यस समुहका कुनै पनी सदस्यहरुले आफ्नो नाम वा फर्मवाट बोलपत्र फारम खरिद तथा दाखिला गर्न पाइने छैन ।

१५. सकार रकममा संकलन खर्च समावेश गरी आउने अंकमा नियम अनुसार लाग्ने कर थप गर्दा हुन आउने अंक वन पैदावर आपूर्ति समितीको विक्री दर रेट भन्दा कम हुन आएमा त्यस्तो बोलपत्र दाताको सकार रकम वोलपत्र दाताहरु मध्येको सवै भन्दा वढी हुन आएमा पनि त्यस्तो बोलपत्र स्वीकृत गरीने छैन ।

१६. अन्य कुराहरु बुझ्नु परेमा यस समुहमा सर्म्पक गर्नुहोला ।

इति सम्वत् २०८२ साल बैशाख महिना ९ गते रोज ६ शुभम्.....।

राज प्रसाद पाण्डेय
अध्यक्ष